नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय, स्याङ्जा

## वस्तु तथा सेवाको मूल्य सूची राख्ने सम्वन्धी सूचना !

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०८३ वैशाख २८ देखी २०८३ जेठ ३ गतेसम्म मूल्य पारदर्शिता सप्ताह (Price Transparency Week) को रुपमा कार्य गर्न विभिन्न क्रियाकलाप सञ्चालन गर्न गराउन निर्देशन भएको व्यहोरा अवगत नै छ। यसै सन्दर्भमा उपभोक्ता संरक्षण ऐन,२०७५ तथा उपभोक्ता संरक्षण नियमावली,२०७६ मा उल्लेख भए बमोजिम स्याङ्जा जिल्लामा सञ्चालनमा रहेका खाद्यान्न, माछा तथा मासु, हार्डवेयर, भाँडा, फेन्सी तथा कपडा, कस्मेटिक, इलेक्ट्रिकल सामान, पूजा सामग्री, विउविजन तथा कृषि सामग्री, एग्रोभेट,औषधी, दुध तथा दुधजन्य वस्तु, स्टेशनरी, फोटो स्टुडियो, फलफुल तथा तरकारी, सैलुन, फलाम, आल्मोनियम लगायतका धातुका समान, पलाष्टिकका सामान, सवारी साधन तथा ईलेक्ट्रिनिक्स पार्टपूर्जा, विद्युतिय सामान तथा पार्टपूर्जा, फर्निचर तथा फिक्सजर, ब्युटी पार्लर, सैलुन, होटल तथा रेष्टुरेन्ट, ल्याव, कानुनी तथा अन्य परामर्श, डिजाइन, फोटोकपी/प्रिन्ट, मेसिनरी उपकरण मर्मत संभार लगायतका वस्तु तथा सेवा विक्रेताले विक्रि गर्ने वस्तु तथा सेवाहरुको मूल्यमा पारदर्शिता कायम गर्नको लागि आफूले विक्री गर्ने वस्तु तथा सेवाको कर र अन्य शुल्क सहितको मूल्य सूची वितरण स्थलमा स्पष्ट देखिने र बुझिने गरी यथाशिध्र राख्ने अनिवार्य व्यवस्थाको लागि यो सूचना प्रकाशन गरिएको छ।

(प्रेम सुवेदी)
सहायक प्रमुख जिल्ला अधिकारी

मितिः२०८३/०१/३०

पुनश्चः उपभोक्ता संरक्षण नियमावली,२०७६ को नियम १३ को उपनियम (२) अनुसार देहायको अवस्थामा वस्तु तथा सेवा विक्रेताले छुट्टै मूल्य सूची राख्न आवश्यक नपर्ने व्यहोरा समेत अनुरोध छ ।

देहायः

- ✓ प्रत्येक वस्तुको प्याकेट वा त्यस्तो वस्तु राखिएको भाँडोको बाहिर त्यस्तो वस्तुको मूल्य उल्लेख भएकोमा,
- ✓ कुनै वस्तुको प्याकेटमा एकभन्दा बढी वस्तु राखिएको र त्यस्तो प्याकेटमा वस्तुको प्रति एकाई मूल्य उल्लेख भएकोमा,
- ✓ वस्तु र सेवाको मेनु राखिएकोमा ।